२६औं वोर्ड बैठक मिति २०७३/०३/२३

गते विहान ७:०० वजे

आज मिति २०७३/०३/२३ गते बिहिवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री टीकादत्त राई - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

श्री गणेशप्रसाद खतिवडा वरिष्ठ प्रशासकिय अधिकृत

श्री खगेन्द्रप्रसाद खतिवडा वरिष्ठ कर अधिकृत

श्री सूरज श्रेष्ठ वरिष्ठ इन्जिनियर

श्री रमेश शाह वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत

श्री भेषराज अधिकारी वरिष्ठ लेखा अधिकृत

श्री राजु पोखरेल इन्जिनियर

श्री सूनील नेपाल सामाजिक विकास अधिकृत

निर्णयहरु

निर्णय नं १ ( एक ) : जन्म दर्ता सम्वन्धमा । यस उपमहा नगरपालिकाका २४ र २६ वडाहरुमा संयुक्त रुपमा प्लान नेपाल तथा जन अधिकार सरोकार संस्था धरान २६, सुनसरीवाट भएको सर्वेक्षण अनुसार २० जना वालवालिकारुको जन्मदर्ता छुट भएको प्रतिवेदन सहितको पत्र माथि छलफल गरियो । साथै जन अधिकार सरोकार संस्था धरान २६, सुनसरीवाट अनुरोध गरिएको पत्र समेतका आधारमा छुटेका उक्त वालवालिकाहरुको जन्म दर्ता प्रक्रिया अगाडि बढाउने र लाग्ने दस्तुरलाई समेत छुट गर्ने निर्णय गरियो । उक्त वडाहरुलाई पुर्ण घट्ना दर्ता भएको वडा घोषणा गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गर्दै विपन्न समुदायमा रहेका अन्य वडाहरुको जन्मदर्तामा समेत सम्वन्धित वडा नागरिक मञ्च तथा सरोकारवाला निकायको समन्वय तथा सिपारिसका आधारमा पुर्ण जन्मदर्ता अभियानका क्रममा भएको जन्मदर्ता शुल्कलाई छुट दिने निर्णय गरियो ।

निर्णय नं २ ( दुई) : विज्ञापन र अनुमती कर सम्वन्धमा

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४३ बमोजिम उप–महानगरपालिका क्षेत्रमा रहेका सडक, चोक, सार्वजनिकस्थलमा राखिने विभिन्न प्रकारका प्रचार प्रसारका सामग्रीहरुलाई विज्ञापन कर लगाउने सक्ने व्यवस्था नगरपरिदबाट निर्णय भई लागु गरेको र उ.म.न.पा. ले लिएको दिर्घकालीन लक्ष्य प्राप्तीको लागी नगरलाई शिक्षा, स्वास्थ्य र पर्यटकीय पूर्वाधार युक्त सुन्दर र सफा नगर बनाउने लक्ष्य अनुरुप नगर क्षेत्रमा जथाभावी विज्ञापन प्रचार प्रसारका सामग्रीहरु राख्न नदिई त्यसलाई नियन्त्रण गर्ने उद्देश्यले उ.न.पा.क्षेत्र भित्र जुनसुकै स्थानमा प्रचार प्रसारका सामग्रीहरु राख्नलाई तोकिए बमोजिमको ईजाजत दस्तुर बुझाई उ.न.पा.को पूर्व स्वीकृति अनिवार्य लिनु पर्नेछ | ईजाजत दस्तुर परिषदले विज्ञापन करको लागि तोकि दिएको दर बमोजिम हुनेछ | मदिरा एवं जन्य सामग्रीको प्रचार प्रसार निषेध गर्ने निर्णय गरियो ।

निर्णय नं ३ (तीन ) : **धरान सभागृह सार्वजनिक साझेदारीमा दिने प्रकृया स्थगन सम्बन्धमा ।**

धरान उपमहानगरपालिका कार्यालयले २०७२|२|२३ मा सूचना प्रकाशीत गरी धरान सभागृह सार्वजनिक निजी अवधारणा अनुरुप विकास, सञ्चालन र हस्तान्तरण अवधारणा अनुरुप सूचीकृत गरि सूचीकृत गरिएकाहरु मध्येबाट आर्थिक तथा प्राविधिक प्रस्ताव आह्वान गरिएकोमा श्री राईजीङ स्पोर्टिङ क्लबले मात्र उल्लेखित प्रस्ताव पेश गर्नु भएको र प्राविधिक प्रस्ताव अध्ययनका क्रममा प्रस्तावदाताले पेश गर्नु भएको परियोजनामा लगानीकोलागी व्यहोर्ने श्रोत तोकिएको म्यादभित्र पेश नगरेको हुंदा कानुनी रुपमा उक्त प्रकृया अगाडी बढाउन नमिल्ने देखिएकोले हालको प्रकृयालाई अन्त्य गरि पुन: अर्को सूचना प्रकाशित गरि नयाँ प्रकृया शुरु गर्न नगरपालिका वोर्डलाई सिफारीश गर्ने निर्णय भएको र सो सम्बन्धमा मिति २०७३|२|२१ को सर्वदलिय बैठकमा समेत प्रस्तुत भई

छलफल भई सकेको हुँदा धरान सभागृह निजी क्षेत्रलाई दिने सम्बन्धमा मिति २०७३।२।२३ मा शुरु गरिएको प्रकृया अन्त्य गरी प्रस्तावकले पेश गर्नु भएको शिलबन्दि आर्थिक प्रस्ताव फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं ४ (चार ) : **सप्तरंगी पार्क सार्वजनिक साझेदारीमा दिने प्रकृया स्थगन सम्बन्धमा ।**

धरान उपमहानगरपालिका कार्यालयले २०७२।२।२३ मा सूचना प्रकाशीत गरी आफ्नो स्वामित्वमा रहेको धरान १७ स्थित सप्तरंगी पार्क सार्वजनिक निजी अवधारणा अनुरुप विकास, सञ्चालन र हस्तान्तरण अवधारणा अनुरुप सूचीकृत गरि सूचीकृत गरिएकाहरु मध्येबाट आर्थिक तथा प्राविधिक प्रस्ताव आह्वान गरिएकोमा श्री धरान एडभेन्चर टुरिजम एण्ड ईन्टरटेन्मेन्ट, धरानले मात्र उल्लेखित प्रस्ताव पेश गर्नु भएको र प्राविधिक प्रस्ताव अध्ययनका क्रममा प्रस्तावदाताले पेश गर्नु भएको विस्तृत परियोजनाको डिजाईनमा गर्नु पर्ने सुधारका विषयमा दिएका सुझावहरुलाई समावेश गरि विस्तृत डिजाईन माग गरि पटक पटक पत्राचार गरिएकोमा दिएको म्यादभित्र प्रस्तावकले विस्तृत डिजाईन पेश नगर्नु भएकोले कानुनी रुपमा उक्त प्रकृया अगाडी बढाउन नमिल्ने देखिएकोले हालको प्रकृयालाई अन्त्य गरि पुन: अर्को सूचना प्रकाशित गरि नयाँ प्रकृया शुरु गर्न नगरपालिका वोर्डलाई सिफारीश गर्ने निर्णय भएको र सो सम्बन्धमा मिति २०७३।०२।२१ को सर्वदलिय बैठकमा समेत प्रस्तुत भई छलफल भई सकेको हुँदा सप्तरंगी पार्क निजी क्षेत्रलाई दिने सम्बन्धमा मिति २०७३।२।२३ मा शुरु गरिएको प्रकृया अन्त्य गरी प्रस्तावकले पेश गर्नु भएको शिलबन्दि आर्थिक प्रस्ताव फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं ५ (पाँच ) : **ब्यबसायमा सरसफाई सेवा शुल्क लागू गर्ने सम्वन्धमा**

आगामी आर्थिक वर्ष २०७३/२०७४ देखि लागु हुने गरी व्यवसायमा सरसफाई सेवा शुल्क लागु गर्ने सम्बन्धमा यस उप-महानगरपालिकाको २३ औं नगरपरिषदले पारित गरेको नीति तथा कार्यक्रम बमोजिम सुनसरी उद्योग वाणिज्य संघ समेतको सहमतिको आधारमा व्यवसायमा देहाय बमोजिमको सरसफाई सेवा शुल्क लागु गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. व्यापार, व्यवसाय, पेशा र उद्योगमा दैनिक सरसफाई सेवा पुगेको क्षेत्रमा- वार्षिक रु. ६००/-
२. व्यापार, व्यवसाय, पेशा र उद्योगमा साप्ताहिक सरसफाई सेवा पुगेको क्षेत्रमा- वार्षिक रु. ४००/-
३. व्यापार, व्यवसाय, पेशा र उद्योगमा पाक्षिक वा मासिक रुपमा सरसफाई सेवा पुगेको क्षेत्रमा- वार्षिक रु. २५०/-
४. संस्थागत व्यवसाय (कार्यालय खोली सेवा प्रदान गर्ने संस्थाहरु)को हकमा दैनिक सेवा पुगेको क्षेत्रमा वार्षिक रु. १०००/-
५. संस्थागत व्यवसाय (कार्यालय खोली सेवा प्रदान गर्ने संस्थाहरु)को हकमा दैनिक सेवा वाहेकको सेवा पुगेको क्षेत्रमा वार्षिक रु. ५००/-
६. बैङ्क (सहकारी वाहेक) हरुको हकमा जुनसुकै सफाई सेवा पुगेको क्षेत्रमा वार्षिक रु. १५००/-

निर्णय नं ६ (छ ) : पार्किङ शुल्क सम्बन्धमा-

यस कार्यालयले असुल गर्ने सवारी पार्किङ शुल्क संकलनमा जथाभावी शुल्क संकलन गरेको भनी व्यापक गुनासो आएको हुँदा ढुवानीका साधनहरुकै संस्था संयुक्त परिवहन व्यवसायी समिति, धरानलाई सोझै वार्ताबाट आर्थिक वर्ष २०७३/०७४ को लागि ठेक्कामा दिन माग गर्नु भएको हुंदा आर्थिक वर्ष २०७३/२०७४ को लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम-१६७ को उपनियम ४(ग) बमोजिम सोझै एकलाख पचास हजारमा वार्ताद्वारा ठेक्कामा दिने निर्णय गरियो ।

निर्णय नं ७ (सात ) : **सम्पर्क ब्यक्ति तोक्ने सम्बन्धमा**

संघिय मामिला तथा स्थानीय विकास मंत्रालय, स्थानीय शाशन तथा सामुदायिक विकास कार्यक्रमको च न ४७९ मिति २०७३/०३/०९ को पत्रवाट लेखिए अनुसार यस उपमहा नगरपालिका अन्तर्गत संचालित स्थानीय शाशन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) हेर्ने सम्पर्क ब्यक्ति (Focal Person) को कार्य गर्न यस कार्यालयको सामाजिक विकास अधिकृत श्री सूनील नेपाललाई तोक्ने निर्णय गरियो ।

आजको वोर्ड वैठक विहान ९:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सुचना अधिकृत,धरान उपमहा नगरपालिका